सुसेलीसङ्ग्रह

# समझनाका सुसेली

| | |
|---|---|
| **कृति :** | **सम्झनाका सुसेली** |
| **लेखक/प्रकाशक:** | विष्णुप्रसाद पन्त |
| **प्रथम संस्करण :** | २०७९ |
| **मूल्य रू. :** | १५०/- |
| **ISBN:** | **978-9937-1-2934-3** |
| **कम्प्युटर डिजाइन :** | जि.के. कम्प्युटर सर्भिस<br>सरस्वतीनगर, काठमाडौँ । |
| **मुद्रक :** | टचटोन प्रिन्टिङ्ग प्रेस<br>चावहिल, काठमाडौँ । |

# शुभकामना

जीवनको लामो समय शिक्षा र समाजसेवामा दत्तचित्त भएर उत्तरार्द्धमा आफ्नो साहित्यिक/काव्यिक अभिरुचिलाई मूर्त रूप प्रदान गरी निरन्तर साधनारत रहेर नेपाली कविता-काव्य क्षेत्रमा सशक्त रूपमा उपस्थित भई प्रशस्त कृतिहरू प्रकाशनमा ल्याई आफूलाई एउटा विशिष्ट स्रष्टामा रूपान्तरित गर्न सफल व्यक्तित्व हुनुहुन्छ प्रा.विष्णुप्रसाद पन्त (वि.सं. २००७, काभ्रेपलाञ्चोक) । नेपाली कविताका अनेक आयाम तथा उपविधा प्रचलित छन् । लघुतम आयामअन्तर्गत अहिले अनेक प्रयोगहरू भइरहेका छन् । यस्ता नवीन प्रयोगतर्फ विष्णु सर पनि आकर्षित हुनुभएको छ र आफ्नो स्रष्टालाई त्यसतर्फ प्रवृत्त गराउनुभएको छ । तत्सन्दर्भका कृति पनि प्रकाशनमा आएका छन् । उहाँको पछिल्लो प्रयोग तथा उपलब्धिका रूपमा सुसेली सङ्ग्रह आउँदै छ- सम्झनाका सुसेली । म यस नवीनतम कृतिको हार्दिक स्वागत गर्दछु ।

सुसेली नेपाली काव्यविधाको लघुतम आयामको नवीनतम मौलिक उपविधा हो । यसको संरचना ५, ७, ५ अक्षर सङ्ख्याको वितरणमा तीन हरफमा हुनेगर्छ । यस खालको काव्यिक प्रयोग हाम्रा वेदलगायतका शास्त्रहरूमा तथा लोकपरम्परामा छ्यासछ्यास्ती रहेको पाइन्छ । नेपाली आबहवा, प्रकृति, संस्कृति, जीवनशैली सबै नै सुसेलीमय रहेको पाइन्छ । सुसेली नहाली को चाहिँ नेपाली बस्न/बाँच्न सक्ला ? सुसेली हाम्रो जीवनपद्धति हो । यसमा पहिलो

र तेस्रो हरफमा अन्त्यानुप्रास मिलाउनुपर्दछ । ५, ७, ५ अक्षर सङ्ख्याले क्रमशः पञ्चतत्त्व (प्रकृति) वा पञ्चकन्या (संस्कृति); ज्ञानविज्ञान, कला वा जीवनजगत् (इन्द्रेणी सप्तर्षि) तथा पञ्चामृत (आनन्दानुभूति) को प्रतिनिधित्व गर्दछन् । १७ अक्षर प्रतीकात्मक हुन्छन् ।

सुसेली रचना-लेखनमा सहजता छ । भावनाको सूक्ष्म तरङ्ग वा झिल्कालाई हिँड्दाहिँड्दै वा यथास्थितिमा टिप्नसकिन्छ । भावनाहीन मानव कोही हुँदैन । बाल, वयस्क, प्रौढ जसले पनि तुरुन्त रचना गर्नसक्ने भएकैले छोटो समयमा यसले तरक्की गरेको छ । विष्णु सर पनि यसतर्फ तीव्र आकर्षित भएर झन्डै आधा हजारको सङ्ख्यामा सुसेली रचना गर्नुभएको छ । यसले सर्जक, पाठक र श्रोता सबैलाई बेग्लै मिठास दिन्छ र नेपालीत्वले भिजाउँछ । अनि रसिकहरू रसमय दुनियाँमा तरङ्गित हुनपुग्छन् ।

मैले सुसेलीकार विष्णुप्रसाद पन्तज्यूका सुसेली अक्षरशः पढेँ । भाषा र भावको सुन्दर समीकरण गरिएका यी सुसेलीहरू अत्यन्त मनोहारी, रुचिपूर्ण र स्तरीय छन् । विविध विषयवस्तुलाई सहज रूपमा वरण गरेर विष्णु सरले सिद्धहस्त सुसेलीकार बन्ने कौशल प्रदर्शन गर्नुभएको छ । म उहाँको सुसेलीतर्फको आकर्षण, अभिरुचि र सृजनाका निम्ति मुरीमुरी बधाई ज्ञापन गर्दछु । छोटो समयमा उहाँले यति महत्त्वपूर्ण कार्य गरेर सुसेलीलाई विशेष माया गर्नुभएको छ । उहाँको सदाशयताप्रति म आभार व्यक्त गर्दछु । सबै जसो सुसेली पठनयोग्य छन् । सुसेली आफैँले स्रष्टा र

आफूलाई चिनाउनेछन् । जन्मस्थलप्रतिको माया, प्राकृतिक सौन्दर्य, लोकव्यवहारका विविधता, राष्ट्रप्रेम, राजनीतितर्फका व्यङ्ग्यप्रहार, प्रेमप्रणयका सन्दर्भ, जीवनका आयामगत विविधता, प्राप्ति र अप्राप्ति, जीवन-दर्शनजस्ता मानवीय सरोकारका अनेक सन्दर्भलाई कलात्मकतासाथ प्रस्तुत गरिएको छ । यो उच्च प्राप्ति हो । म यस निम्ति पुनः विष्णु सरलाई शुभकामना भन्दै निरन्तर सृजनारत रहन आह्वान पनि गर्दछु । केही सुसेली चाखौँ न-

ढुङ्गा अड्कियो
यो देशका नेताको
बुद्धि सड्कियो ।

पानी दर्कियो
स्वार्थी सोच राख्नाले
द्वन्द्व चर्कियो ।

काभ्रे तिमाल
सरर हावा चल्छ
हाँस्छ हिमाल ।

गाउँ घुमेर
दुःखसुख साट्दैमा
गयो उमेर ।

सीमा सारियो
मिलेको पाटोलाई
टुक्रा पारियो ।

माथि जाने हो
भागबन्डा मिलाई
सबै खाने हो ।

लौरी भाँचियो
आफ्नो घर भत्काई
आफैँ नाँचियो ।

घर भासियो
फिरन्तेहरूसँग
माया गाँसियो ।

दृष्टान्त अनेक दिनसकिन्छ । विष्णु सरले आफ्ना अनुभूतिलाई प्रकृति र संस्कृतिका साक्ष्यमा सशक्त रूपमा प्रस्तुत गर्नुभएको छ सुसेली स्वरूपमा । म पुनः बधाई दिएर विदा हुन्छु ।

२०७९/०६/११ डा. शैलेन्दुप्रकाश नेपाल
टोखा न.पा.-५, वसुन्धरा ।

# शुभकामना

शुभकामना
काभ्रेलीका सुसेली
हामी माझमा ।

पढ पाठक
विष्णु पन्त नाम हो
काव्य साधक ।

सुसेली तपाईं हामीहरू माझबाट जन्म लिएको एउटा विधा हो । जब हामीहरूले ५+७+५ को त्रिपदीय नेपाली लोकलय तथा भाकामा नेपालीपनमा सिर्जना, वाचन तथा गायन गरिरहेका छौँ भने यसलाई किन विदेशी नामबाट रचना वा वाचन गर्ने ? आफ्नै मौलिक, पौराणिक तथा ऐतिहासिक लोकलयमा आधारित आफ्नै नाम किन नदिने ? यिनै प्रश्नहरूको जवाफमा "सुसेली" को जन्म भएको हो ।

सुसेली विधामा अरू कुनै विधाका नियमहरू लागु हुँदैनन् । "सुसेली" को छोटो परिचय निम्नबमोजिम रहेको छ :

नेपालको संस्कृतिको इतिहास धेरै पुरानो छ । हाम्रो पौराणिक ग्रन्थ वेदमा समेत त्रिपदी कविता र छन्दहरूको वर्णन पाइन्छ । सुसेली यही ऐतिहासिक तथा पौराणिक त्रिपदी लोकलयमा आधारित ५+७+५ = १७ अक्षरमा नेपाली लोकलयमा मनका भावना व्यक्त गर्नसकिने स्वतन्त्र लघु

विधा हो । सुसेलीमा कुनै निश्चित भाव आउनुपर्छ भन्ने छैन । आफ्ना मनमा भएका जुनसुकै भावनाहरू सुसेलीको माध्यमबाट सिर्जना गरी व्यक्त गर्नसकिन्छ । सभ्य भाषा र निश्चित भावमा लेखिएको अर्थपूर्ण हुनुपर्दछ ।

सुसेली निम्नबमोजिम रचना गर्नसकिन्छ :

१. पहिलो, दोस्रो र तेस्रो तीनै हरफमा अन्त्यानुप्रास मिलाएर । जस्तै :

छर्छ उजेली
वेदमन्त्र त्रिपदी
हाम्रो सुसेली ।

२. पहिलो र तेस्रो हरफमा अन्त्यानुप्रास मिलाएर । जस्तै :

नमः शिवाय
ॐ नमो भगवते
वासुदेवाय ।

३. पहिलो र दोस्रो वा दोस्रो र तेस्रो हरफमा अन्त्यानुप्रास मिलाएर । जस्तै :

उड्छे जुरेली
वनपाखा पखेरी
गीत गाउँदै । १

लेखौँ सुसेली
सम्बोधन ऐजन
मेरो नमन । २

माता धनलक्ष्मी पन्त र पिता गुणनिधि पन्तका योग्य सुपुत्र काभ्रेपलाञ्चोक जिल्लाको विर्ता देउरालीमा जन्मेर काभ्रेली माटोलाई मात्र नभई सिङ्गो नेपाल र नेपाली शिक्षा र साहित्यलाई उर्वर र गतिशील बनाउन लामो समय शिक्षण पेसामा संलग्न ज्येष्ठ नागरिक सचेतकसमेत रहनुभएका विष्णुप्रसाद पन्त नेपालमा शिक्षाको श्रीवृद्धिका लागि निरन्तर समर्पित व्यक्तित्व हुनुहुन्छ । एक दर्जन विभिन्न विधाहरूमा कृतिहरू प्रकाशित गरिसक्नुभएका पन्तका सिर्जनाहरूमा शोध, खोज, सोच र समर्पणका नयाँनयाँ भावना पाइन्छन् । सुसेलीकार विष्णु पन्तज्यूले करिब ५०० वटा समसामयिक सुसेलीहरू यस सङ्ग्रहमा सजाउनुभएको छ । पुस्तकभित्रबाट केही उदाहरण यस प्रकार छन् :

१. राष्ट्रिय सुरक्षाको चिन्ता गर्दै उहाँ सुसेल्नुहुन्छ :

साँध मिचेर
ठुलाले सानालाई
राख्छन् थिचेर ।

चिया बारीको
देश हाँक्ने रिमोट
सीमा पारि भो ।

२. ठालु भनाउँदाहरूले देशको माया नगरेको गुनासो :

गाग्री तामाको
बिजोग पार्ने भए
आफ्नै आमाको ।

३. जातीय विभेद विरुद्धको खबरदारी :

रातो रगत
यो नाता छुटाउन
हेरौँ तागत ।

४. दरिद्रतामाथिको प्रहार :

आज खाइन्न
जम्मा गर्नु मात्रै हो
भोलि पाइन्न ।

ढुङ्गो टुसायो
दुध कतै भेटेन
घुँडा चुसायो ।

५. अन्धविश्वासमाथि व्यङ्ग्य :

पेट दुखेको
निको हुन्छ भनेर
शिर फुकेको ।

६. आडम्बरीमाथि झटका :

नदी उर्लियो
अरूको त सुन्दैन
आफैँ कुर्लियो ।

७. गुरुहरू अपमानित र बाध्य छन् भन्दै :

चना सुकायौ
नदी तार्ने माझीको
चित्त दुखायौ ।

बस्छ गुँडैमा
चरी मर्न सक्दैन
एक्लो हुँदैमा ।

माथिका सुसेलीहरू प्रतिनिधि उदाहरण मात्र हुन । पुस्तक यस्तै अनुकरणीय र उदाहरणीय सुसेलीहरूले भरिएको छ । यो पुस्तकले शिक्षकशिक्षिका, बालबालिका, युवायुवती, वृद्धवृद्धालगायत नेपाली लोकलयका गीत मन पराउने सबै किसिमका पाठकहरूलाई भरपूर सन्तुष्टि दिने कुरामा म विश्वस्त छु । हालै मात्र "मनको साइनो" नाम गरेको साइनो सङ्ग्रह प्रकाशित गर्नुभएका विष्णुले सुसेली विधामा कलम चलाई यो पुस्तक प्रकाशन गर्दा उहाँमा रहेको नवीनतम् विधाहरूप्रतिको माया प्रस्ट देखिन्छ र सुसेलीको प्रवर्द्धन गर्ने अवसर पाएको यो भमरकोटेको मन हर्षले गद्गद भएको छ । यो उहाँले सुसेली विधाका लागि दिनुभएको सम्मान हो र सुसेली अभियानमा लागेका सबैका लागि उत्साहित गर्ने उपहार हो ।

पन्तज्यूसँग हालै मात्र परिचय भएको भए तापनि हाम्रो सम्बन्ध धेरै पुरानो छ । एउटै जिल्ला र एउटै क्षेत्रमा

हुर्केबढेका हाम्रो शैक्षिक सहयात्राको इतिहास मिल्दोजुल्दो छ। मेरो जेठो छोराले उहाँले स्थापना र सञ्चालन गर्नुभएको पशुपति कलेजबाट स्नातकोत्तर गरेको छ। उहाँको बौद्धिक स्तर र क्षमताको कदर मैले गर्नैपर्ने हुन्छ। उहाँका रचना तथा सिर्जनाहरू समाजका हरेक जनजीवनसँग मेल खाने खालका छन्। बालक, वृद्ध, युवक सबैलाई उहाँले शैक्षिक र साहित्यिक खुराक वर्षौंदेखि पस्कँदै आउनुभएको छ। म उहाँ तथा उहाँको साहित्यिक यात्राको सुस्वास्थ, दीर्घ जीवनसहित उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दै यो सुसेली पुस्तक "सम्भ्कनाका सुसेली" को अपार सफलताको कामना गर्दछु।

ज्ञान छरौँ है
बाल, वृद्ध, युवाले
पढ्ने गरौँ है।

धन्यवाद छ
यो सुसेली काव्यको
मिठो स्वाद छ।

दुर्गा अधिकारी भमरकोटे
अध्यक्ष
राष्ट्रिय सुसेली मञ्च नेपाल।

# शुभकामना

'सम्झनाका सुसेली' नाम राखेर शिक्षासेवी, समाजसेवी, कवि व्यक्तित्व श्रीविष्णु पन्तबाट तयार गरिएको पुस्तकको पाण्डुलिपि आद्योपान्त हेर्ने अवसर पाइयो । जम्मा सत्र अक्षरमा आफ्नो एउटा कथन पूरा गरिसक्नुपर्ने नियममा केन्द्रित रहेर सुसेली लेखिन्छ । आफ्नो कथ्य थोरै अक्षरमा सक्नुपर्ने हुनाले हरेक अक्षर र शब्दको प्रयोगमा स्रष्टाले सचेत रहनुपर्छ। त्यसैले सुसेलीमा लक्षणा र अभिव्यञ्जना शक्तिशाली भएको राम्रो । जति धेरै अर्थ अक्षरहरूले बोक्नसके उति प्रभावकारी सम्प्रेषण हुन्छ । यसमा समाविष्ट सुसेलीहरूमा त्यस्तो सामर्थ्य धेरैजसोमा पाइएको छ । भाव मनग्गे समेटेर छोटो कथनमा सुन्दर तरिकाले अभिव्यक्त हुँदा नै कवित्व प्रकट हुन्छ ।

यसअघि पनि लगातार विभिन्न विधाका कृतिहरू प्रकाशित गरिसक्नुभएका स्रष्टा पन्तजीलाई सुन्दर सुसेलीमा पनि देख्नपाउँदा कवित्वको सिप भएको व्यक्तित्व भन्न सजिलो भयो । विषयको विविधता बोकेका सुसेलीहरू मिश्रित अवस्थामा राखिएको पाण्डुलिपि देखेपछि यस कृतिले सफलता पाउने स्पष्ट देखियो । उहाँको कलम अझै निरन्तर अघि बढोस् भनी शुभकामना रहेको छ ।

तिलकप्रसाद लुइटेल
कपन, काठमाडौं ।

# मेरो भन्नु

जीवनको लामो समय विभिन्न व्यवसाय र शिक्षा क्षेत्रमा खर्च गरेँ । पछिल्लो समय सबै व्यवसायबाट अलग भएर फरक तरिकाले दिनहरू बिताउँदै छु । हुन त समयले जता डोऱ्याउँछ त्यतैतिर हिँड्नु पर्छ नै । समयले सबैलाई सिकाउँदै गर्दो रहेछ । जीवनमा आफूले चाहेका काम मात्र गरिन्छ भन्ने पनि निश्चित छैन । समय र परिस्थितिले बाध्य गराएर नचाहेका कामहरू पनि गर्नै पर्ने हुन सक्छ । जिम्मेवारी लिइरहने व्यक्ति स्वतन्त्र हुन सक्दो रहेन छ भन्ने कुरा पछिल्लो समय मैले महसुस गर्न थालेको छु ।

आफूलाई उपलब्ध समयको केही अंश लेखपढ गर्न प्रयोग गर्दै आएको छु । कविता, गीत, स्मृति, यात्रा स्मरण जस्ता विविध क्षेत्रका केही पुस्तकहरू र लेख रचनाहरू यहाँहरूसमक्ष प्रकाशित भइसकेका छन् । हाइकु र साइनो सङ्ग्रहका पुस्तकहरू पनि प्रकाशित छन् । यो "सम्झनाको सुसेली" सृजना गर्न डा. शैलेन्दुप्रकाश नेपाल सरले घचघच्याउनु भएको हो । यसअघि प्रकाशित हाइकु र साइनो पुस्तकको भूमिका लेख्न उहाँलाई रचना देखाउँदा सुसेली पनि लेख्नु भए राम्रो हुन्छ भन्दै केही सुसेली गाएर सुनाउनु भयो । सुसेली गाएको सुन्दा मलाई सारै मिठो लाग्यो । सुसेली लेख्ने अठोट सरलाई सुनाएँ । उहाँ खुसी हुनुभयो । यो "सम्झनाका सुसेली" नामक सुसेली सङ्ग्रह पढ्दै गर्दा उहाँ सारै खुसी हुनुभयो । उहाँले आफ्नो शुभकामनामा यस पुस्तकको विस्तृत अध्ययन गरेर अत्यन्त गहकिलो र सारगर्भित जुन कुरा लेख्नुभएको छ, त्यसका लागि उहाँप्रति विशेष आभार प्रकट गर्दछु । उहाँकै प्रेरणाबाट जन्मेको यस कृतिमा उहाँको शुभकामना रहन पाउँदा यस

पुस्तकले आफ्नो अभिभावक पाएको छ । शैलेन्दु सरको यो गुनलाई कहिल्यै बिर्सन सकिन्न । उहाँलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

राष्ट्रिय सुसेली मञ्च नेपालका अध्यक्ष श्री दुर्गा अधिकारी भमरकोटेज्यूले सुसेलीका माध्यमबाट यस कृतिका लागि शुभकामना व्यक्त गर्दै यस "सम्झनाका सुसेली" पुस्तकभित्र रहेका राम्रा नराम्रा पक्ष केलाई पुस्तकको यथार्थ चित्रण गरी आफ्ना अमूल्य भावना व्यक्त गर्नु भएकोमा उहाँप्रति आभार प्रकट गर्दछु साथै उहाँले सुसेली के हो ? भन्ने बारेमा प्रष्ट पार्नुभएको छ जसबाट पाठकहरूबिच रहेको जिज्ञासा समाधान भएको छ ।

चार वेदका नेपाली अनुवादक प्राध्यापक, साहित्यकार एवं विशिष्ट व्यक्तित्व श्री तिलकप्रसाद लुइटेलज्यू जसले यस पुस्तकको कमजोरी पक्षलाई सच्याउन अहम् भूमिका खेल्नुका साथै अमूल्य सुझाव र शुभकामना दिनुभएकोमा उहाँप्रति आभार प्रकट गर्दछु ।

यस पुस्तक प्रकाशन गर्ने क्रममा आवश्यक सरसल्लाह र सहयोग गर्नुहुने डा. विष्णु के.सी.ज्यूलाई पनि विशेष धन्यवाद दिन  चाहन्छु ।

पुस्तकलाई टाइप गरी आकार दिनुहुने श्री कालिदास पाण्डेज्यूप्रति धन्यवाद दिन चाहन्छु । मेरा आफन्त र शुभेच्छुकहरू जसले मलाई यो पुस्तक लेख्न र प्रकाशन गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याउनु भयो उहाँहरू सबैमा धन्यवाद टक्र्याउन चाहन्छु ।

विष्णुप्रसाद पन्त

शान्ति नगर
बेताले मान्छेमाथि
भरै नपर । १

चौँरी खर्कैमा
मुखले ठिक पार्ने
माया अर्कैमा । २

रारा तालैमा
असला माछालाई
पार्‍यौ जालैमा । ३

ढुङ्गा पिँधैमा
जिन्दगी बित्नेभयो
दुःख दिँदैमा । ४

आली तासेर
कति खानसकेको
बिउ मासेर । ५

*हिउँ चिसो छ*
*जे गर्दा नि नछोड्ने*
*मान्छे लिसो छ । ६*

*ठाँटी चौतारी*
*अशान्त मन बोकी*
*हिँड्छ भौँतारी । ७*

*साँध मिचेछौ*
*आफ्नै जस्तो ठानेर*
*फोटो खिचेछौ । ८*

*तोरी छरियो*
*घर छोडी हिँडेर*
*गल्ती गरियो । ९*

*बारी मलिलो*
*कसरी भएको हो*
*यौवन कलिलो । १०*

काली तीरैमा
उत्ताउलो बन्नाले
लड्यो भिरैमा । ११

आगो दन्कियो
कुकर्म गरेकाले
झिँगा भन्कियो । १२

आगो सल्कियो
स्वाद चाख्न रगत
पापी पल्कियो । १३

लौरी भासियो
जिन्दगीभरिलाई
माया गाँसियो । १४

खाल्टो खनियो
शत्रु हाल्न खोजेको
आफैँ खसियो  । १५

ढुङ्गा गल्दैन
ज्यादती गर्ने काम
सधैँ चल्दैन । १६

ढुङ्गा अड्कियो
यो देशका नेताको
बुद्धि सड्कियो । १७

पात झर्नेभो
हाम्रा नेता देखेर
लाजै मर्नुभो । १८

पानी दर्कियो
स्वार्थी सोच राख्नाले
द्वन्द्व चर्कियो । १९

मासै छर्ने हो
जता गोली लागे नि
आफैँ मर्ने हो । २०

नदी उर्लियो
शक्तिशाली ठानेर
साँढे कुर्लियो । २१

खोला फर्किने
कुरा बुझ्न नखोज्ने
त्यसै झर्किने । २२

बोट झाँगियो
बुर्कुसी मार्दै हिँड्थ्यो
आफैँ नाङ्गियो । २३

लौका झुन्डियो
श्रोता भेला नहुँदै
कथा टुङ्गियो । २४

तोरी बारीमा
सधैँ ढिला भैदिने
घडी नाडीमा । २५

कुरा काटेर
जिन्दगानी चल्ला त
सधैँ ढाँटेर । २६

उन्यौँ झाडीमा
रोजगारी नमिल्दा
पस्यौ खाडीमा ।२७

पानी दर्कियो
आफ्नो देश बिग्रँदा
मुटु चर्कियो । २८

डुङ्गा तारेर
राम्रा मान्छे गैसके
देशै छाडेर । २९

गैरी खेतमा
मुटु मेरो चोरिछौ
पैलो भेटमा । ३०

घाँस वनैमा
लुकाई राख्नुपर्छ
भित्री मनैमा । ३१

डोका बुनेर
राम्रो काम गर्नु है
भित्र गुनेर । ३२

जाल बुनेर
चुप लागी नबस
कान थुनेर । ३३

मेघ गर्जियो
आफ्नो छाया देखेर
आफैँ तर्सियो । ३४

बाल्टी भरियो
आफ्नालाई सपार्न
सबै गरियो । ३५

गाग्री रित्तियो
बाँडीचुँडी खाँदैमा
कोषै सिद्धियो । ३६

खोला मिसियो
थिचोमिचो गर्नाले
नाता चिसियो । ३७

घाँस अर्मले
आज दुःख भोग्दै छौं
आफ्नै कर्मले । ३८

अड्क्यौं भिरैमा
फर्किन नसक्नाले
पर्‍यौं पिरैमा । ३९

चिनी चटायौं
घरकी लक्ष्मीलाई
डाँडो कटायौं । ४०

आगो दन्कियो
दुर्गन्धित भएरै
झिँगा भन्कियो । ४१

सिक्री सुनको
अचम्मकै रहेछ
प्रीति उनको । ४२

दुना गाँसेर
दुई दिने जीवन
बोलौँ हाँसेर । ४३

चङ्गा चुँडियो
आफ्नाको बोली सुन्दा
मनै कुँडियो । ४४

पाटे घिरौँला
अवसर आएमा
पैँचौ तिरौँला । ४५

भयो बगर
अरूको हेरेर नै
पुग्यो रहर । ४६

ढुङ्गा बर्सियो
महाकाल आए झैँ
मनै तर्सियो । ४७

पानी पँधेरो
कालो चस्मा लाएर
भयो अँधेरो । ४८

पानी छानेर
सुसेली बोलाको हो
आफ्नो ठानेर । ४९

साँध मिचेर
ठुलाले सानालाई
राख्छन् थिचेर । ५०

धर्ती भरियो
आशीर्वाद लिएर
गल्ती गरियो । ५१

मकै पोलेको
पुऱ्याउनुपर्छ हो
आफैँ बोलेको । ५२

ढुङ्गो टुसायो
एउटा रिझाउँदा
अर्को रिसायो । ५३

हार जन्तर
दुईटाको बिचमा
के छ अन्तर । ५४

बोट काटेको
मन पर्ने दिएर
भोट साटेको । ५५

खेत बिरौला
चुनाव त जितौँ न
पछि हेरौँला । ५६

घाम चर्कियो
मान्छेको मनै त हो
अन्तै फर्कियो । ५७

माटो थिग्रियो
हल्लाको पछि लाग्दा
घरै बिग्रियो । ५८

पानी निखियो
अर्काको डाहा गर्दा
आफैँ बिग्रियो । ५९

कुलो खन्ने हो
अरूलाई झुक्याई
आफैँ बन्ने हो । ६०

गाग्री तामाको
बिजोग पार्नेभए
आफ्नै आमाको । ६१

घाँस काटेर
भोट हाल्नलगायौ
सधैँ ढाटेर । ६२

साल पातैले
बालेको मानिँदैन
दुष्ट बातैले । ६३

वन सिकार
हेऱ्यो कुरा खराब
मन विकार । ६४

गर्मी बढेछ
साँचो कुरा भनेको
मन गढेछ । ६५

चुरा हरियो
यिनै चुरा लाउन
केके गरियो । ६६

रातो रगत
यो नाता छुटाउन
के छ तागत । ६७

टोपी ढाकाको
कुरा सुन्ने गरौँ है
बुढापाकाको । ६८

कुरा सुन्ने हो
सुन्न गारो भो भने
कान थुन्ने हो । ६९

साँढे डुक्रियो
भागबन्डा नमिल्दा
पार्टी टुक्रियो । ७०

जाल हानेको
भ्यागुतो पो रहेछ
माछा ठानेको । ७१

काभ्रे तिमाल
सरर हावा चल्छ
हाँस्छ हिमाल । ७२

मुख छोपेर
कैलेसम्म बाँच्ने हो
डर बोकेर । ७३

कपी कोरेर
उन्नति के भयो र
मुटु फोरेर । ७४

निलो आकाश
घरभरि अँधेरो
छैन प्रकाश । ७५

आरु पाकेछ
बोल्दाबोल्दा नेताको
मुखै थाकेछ । ७६

गाउँ घुमेर
दुःखसुख साट्दैमा
गयो उमेर । ७७

बेसी झरेको
सुख शान्तिका लागि
माया छरेको । ७८

काठ खोपेको
यति राम्रो मुहार
किन छोपेको । ७९

पैसा खाममा
यो कसले पठायो
तिम्रो नाममा । ८०

बर्खे झरीमा
बगी कता पुग्ने हो
हाम्रो गरिमा । ८१

भाले करायो
हिजो साँझ राखेको
कता हरायो । ८२

जाने कतार
लाने वस्तु थुपार्न
भयो हतार । ८३

मूल गेटैमा
चर्काचर्की परिगो
पैलो भेटैमा । ८४

चेप्यो मुढाले
केही बोल्नसकिनँ
हेप्यो ठुलाले । ८५

*जुस लौकाको*
*ठुलो काम भैदिन्छ*
*बोली मौकाको । ८६*

*कान्छी सानिमा*
*माछाले फुल पाऱ्यो*
*सफा पानीमा । ८७*

*आँसु गोहीको*
*इज्जत फाल्दै छौ रे*
*आफ्नै पोइको । ८८*

*मार्सी चामल*
*ससुराली जेल भो*
*चौकी मामल । ८९*

*खाने धतुरो*
*निदाए झैँ गर्दै छ*
*सारै चतुरो । ९०*

*मकै पोलेको*
*सधैँ यस्तै ताल हो*
*पार्टी झोलेको । ९१*

*चम्चा चम्कियो*
*अर्काको जुठो खाई*
*सारै गम्कियो । ९२*

*आज खाइन्न*
*जम्मा गर्नु मात्रै हो*
*भोलि पाइन्न । ९३*

*बर्को ओढेर*
*जानुपर्छ सबैले*
*नाता  तोडेर । ९४*

*मन्त्र जपेर*
*कति बस्ने ऊसँग*
*पीडा खपेर । ९५*

खोला तरौँला
घर छोडी गएर
राम्रै गरौँला । ९६

नौलो जात्रै भो
थुपार्ने धनमान
मान्छे मात्रै हो । ९७

मान्छे पठाई
बाँच्न बाध्य नेपाली
वस्तु झिकाई । ९८

शिर पगरी
धनी बन्नसकिन्न
कामै नगरी । ९९

चरी चिच्यायो
आँगनको कोरेली
बाघ घिच्यायो । १००

बाँस कप्टेरो
काममा ल्याऊँ भन्छु
सारै अप्ठेरो । १०१

चल्ती चलायौ
सुन्तलाको बोटमा
फर्सी फलायौ । १०२

भयो खरानी
गल्ती पक्कै भाको हो
जानी नजानी । १०३

दिन गनेर
पर्खेर बसेको छु
झर्छौ भनेर । १०४

पैसा साटेर
कुर्सी छोड्दै नछोड्ने
सधैँ ढाँटेर । १०५

पानी तर्कायौ
वार्ता गर्न खोजेको
मुन्टो फर्कायौ । १०६

दुबो गोडेर
कति सुख मिल्ने हो
देशै छोडेर । १०७

बाटो हेरियो
हेर्दाहेर्दै किन हो
मनै फेरियो । १०८

आगो बलेको
कसरी हेर्ने होला
मन जलेको । १०९

घाम चर्को भो
छुट्याउन गारो छ
आफ्नो अर्कोको । ११०

कहाँ गए ख्वै
दुःखको बेलामा त
आफ्नो हुन्न क्वै । १११

विश्व अपार
निर्धोलाई थिचेर
एक्लो नपार । ११२

लौरी टेकेर
बुढी आमा आएकी
तिमी देखेर । ११३

टोड्के रुखैमा
पढ्नगयो विदेश
फस्यो धापैमा । ११४

शङ्ख फुकेको
भोट हुने आशमा
त्यसै ढुकेको । ११५

पापी संसार
मौका मिल्ने बित्तिकै
लुट्यौ धन्सार । ११६

माटो भुटेको
हलोलाई अड्काई
गोरु कुटेको । ११७

पेट दुखेको
निको हुन्छ भनेर
शिर फुकेको । ११८

पानी फुकेर
रोग निको पार्छ जो
ढोग्छु झुकेर । ११९

रातो रिबन
अधुरै भो रहर
कस्तो जीवन । १२०

भयो निर्बाध
झुटो धाक नगरौँ
हुन्छ बर्बाद । १२१

साँचो अड्कियो
ताल्चा खोल्न ढिलो भो
साथी भड्कियो । १२२

बाघ करायो
तल्लाघरे दाइको
बाछी हरायो । १२३

धोती धोएर
किन ज्यान बिगार्ने
व्यर्थै रोएर । १२४

बाटो हेरेर
कैलेसम्म बस्ने हो
दुःख झेलेर । १२५

सिँढी चढ्ने हो
दायाबायाँ नअल्झी
अघि बढ्ने हो । १२६

पानी थिग्रियो
योग्य नेता नहुँदा
देशै बिग्रियो । १२७

ढुङ्गे धाराको
के कुरा गर्नु र खै
हुतीहाराको । १२८

थाली तामाको
अश्रुधारा नझारौँ
आफ्नै आमाको । १२९

बारी भिरालो
भागबन्डा नमिल्दा
सधैँ किचलो । १३०

लौरी टेकौँला
कसले के गर्ने हो
सबै देखौँला । १३१

भारी बिसायो
ख्यालठट्टा गरेको
त्यसै रिसायो । १३२

चना सुकायौ
माया गर्ने मान्छेको
चित्त दुखायौ १३३

सिक्री जन्तर
जुन तन्त्र आए नि
छैन अन्तर । १३४

सीमा सारियो
मिलेको पाटोलाई
टुक्रा पारियो । १३५

चङ्गा चुँडियो
आफ्नाहरू टाढिँदा
मनै कुँडियो । १३६

भारी बिसौने
आफ्नो ठानी बोलाको
त्यसै रिसौने । १३७

नाता नतोड्ने
आफन्तको रक्षार्थ
कुर्सी नछोड्ने । १३८

लौरो साँचियो
कसको शक्ति कति
सबै जाँचियो । १३९

मह काडेर
आफ्नालाई रुवाई
गयौ छाडेर । १४०

डाँडा हाँसेको
देखिनौ र मायालु
डाँफे नाचेको । १४१

कोदो काटेर
नजाने भन्दाभन्दै
गयौ ढाँटेर । १४२

तिते करेली
अतीतको सम्झना
भिज्यो परेली । १४३

मुना पलायो
सबैको हित हुने
आशा जगायो । १४४

पानी खोलाको
कस्तो नेता परेछ
लाजै नभाको । १४५

पारि गाउँमा
सोलोडोलो पारेछौ
आफ्नै नाउँमा । १४६

सीमा घेर्नुछ
सत्तामा पुग्नपाए
आफ्नै हेर्नुछ । १४७

पानी अमला
साथैमा राखौँ जस्तो
फूल गमला । १४८

रुख नकाटौँ
गाँठो पार्न नमिल्ने
डोरी नबाटौँ । १४९

घाँस कटाऔँ
घाँटी सानो छ भने
गाँस घटाऔँ । १५०

बिउ मासियो
काम गर्न नसक्दा
देशै भासियो । १५१

भारी बिसाको
साँचो कुरा बोलिँदा
किन रिसाको । १५२

पाटे घिरौँला
काम गर्न नसके
झोला भिरौँला । १५३

घाम चर्कियो
बाह्र वर्ष नपुग्दै
खोला फर्कियो । १५४

झरी रोकियो
पोको राम्रो पारेनौ
सबै पोखियो । १५५

डोरी अल्लाको
काम हुन्छ हुँदैन
धेरै हल्ला भो । १५६

औँठी हरायो
ठुलो शक्ति लाएर
काम गरायो । १५७

माथि जाने हो
भागबन्डा मिलाई
सबै खाने हो । १५८

भुरा तारेर
कति सुख मिल्ला खै
आफ्ना मारेर । १५९

उन्यौँ फुलेछ
केको गन्ध पाएर
बुद्धि खुलेछ । १६०

ढुङ्गो टुसायो
दुध कतै भेटेन
घुँडो चुसायो ।  १६१

नदी तीरैमा
पारि पुग्न नसक्दा
पऱ्यो पिरैमा । १६२

काँडा तिखो छ
सृजना केही छैन
देखासिकी छ । १६३

कस्तो सहर
सफा पानी पिउने
भयो रहर । १६४

पऱ्यो असिना
किसानको आङमा
बग्यो पसिना । १६५

चरी डालीमा
किन आँखा लोभियो
कान्छी सालीमा । १६६

टारी खेतैमा
कैले चेत आउने
हाम्रा नेतैमा । १६७

लप्सी बोटैमा
ओठमा चिनी राख्ने
छुरा कोटैमा । १६८

साँघु काठैको
जे गरे नि हुने हो
राम्रो बाठैको । १६९

डोरी बाटेर
सबै छोडिजाने हो
डाँडै काटेर । १७०

खेल्ने मैदान
आफ्नो मान्छे नहुँदा
भयो हैरान । १७१

धर्ती भासियो
सद्गुण रोप्नुपर्ने
बिउ मासियो । १७२

भारी बिसायौं
काम गर्दैगर्दा नि
त्यसै रिसायौं । १७३

जाँतो ढुङ्गाको
परिणाम नासै हो
युद्ध जुँगाको । १७४

युद्ध ठुलाको
बिना गल्ती हुनेभो
दुःख सानाको । १७५

*माटो थिग्रियो*
*हाम्रा ठुला नेताको*
*बुद्धि बिग्रियो । १७६*

*पानपत्तामा*
*स्वाद राम्रै पाएर*
*पल्के सत्तामा । १७७*

*खेती कौसीमा*
*महत्त्व त आफ्नै छ*
*बत्ती औँसीमा । १७८*

*तारा चम्कियो*
*घोडाहरू कुद्दै छन्*
*हात्ती लम्कियो । १७९*

*गाग्री तामाको*
*आँसु पुछ्ने गरौँ है*
*आफ्नै आमाको । १८०*

हावा सरर
बिछोडको पिरले
आँसु बरर । १८१

हावा फैलियो
रुखबाट छुट्टिँदा
त्यसै वैलियो । १८२

उखु गुलियो
गुलियोको स्वादमा
यसै भुलियो । १८३

तोरी छरियो
घाम पानी मिल्नाले
भयो हरियो । १८४

पात टपरी
प्रीति गाँस्छ कसले
मनै नपरी । १८५

पानी पोखरी
नपुगेर चाकडी
गयो नोकरी । १८६

दाँते ओखर
तिमीभन्दा सुन्दरी
अर्को को छ र । १८७

हाडे बयर
सधैँ दुःख पाएछौ
डाढे भएर । १८८

खोटो सल्लाको
काम हुन्छ हुँदैन
धेरै हल्ला भो । १८९

मौरी भिरैमा
समीको रुख सुक्यो
नदी तीरैमा । १९०

माछी जालैमा
जवानी बित्नेभयो
ख्यालख्यालैमा । १९१

ढुङ्गा काठैको
बिग्रिने सोझाकै हो
राम्रो बाठैको । १९२

हिलो खेतैमा
सुकेको हाड पाए
लड्ने त्यसैमा । १९३

लौरी भाँचियो
आफ्नो घर भत्काई
आफैँ नाँचियो । १९४

ढुङ्गो बगर
काम हुन्छ हुँदैन
हल्ला नगर । १९५

खोला फर्कियो
आउँला झैँ लाग्याथ्यो
अन्तै तर्कियो । १९६

घर तिमाल
नेपालीहरूको छ
शिर हिमाल । १९७

डोरी अल्लाको
काम केही नगर्ने
धेरै हल्ला भो । १९८

पानी अभाव
अर्कालाई बिगार्ने
जाली स्वभाव । १९९

घाम चर्को भो
हिजोसम्म आफ्नै हौ
आज अर्को भो । २००

लौका फलेछ
फुर्ती धेरै गर्दै थ्यो
आफैँ गलेछ । २०१

फेवातालैमा
नसोची काम गर्दा
पर्‍यो जालैमा । २०२

ढुङ्गा पिँधैमा
जिन्दगी बित्नेभयो
मागी लिँदैमा । २०३

पात हरियो
नबुझी साथ दिँदा
गल्ती गरियो । २०४

बिउ छरियो
बेलैमा नगरिँदा
पछि परियो । २०५

बैँसी झरियो
बाँझो खेत जोतेर
राम्रै गरियो । २०६

गैरी पिपलु
मुखले ठिक पार्न
सारै सिपालु । २०७

पानी तालैमा
कुरो खुला गरौँला
अर्को सालैमा । २०८

लामो बगर
अँध्यारोले घेर्दै छ
ढिला नगर । २०९

मौरी वनैमा
चुप लागी बस्दै छौ
के छ मनैमा । २१०

फूल स्युरियो
नराम्रो काम गर्दा
शिर न्युरियो ।  २११

माटो थिग्रियो
अर्काको रिस गर्थ्यो
आफैँ बिग्रियो । २१२

पानी धमिलो
गाजल झैँ मुहार
बोली अमिलो । २१३

लप्सी बोटैमा
अर्काको कुरा काट्ने
छुरी ओठैमा । २१४

भाँडा तामाको
बिर्सिन सकिन्न है
माया आमाको । २१५

फूल डालीको
बोली नै मिठो लाग्छ
आफ्नी सालीको । २१६

पानी घट्टैमा
म केही देख्दिनँ
तिम्रो सट्टैमा । २१७

जून रातैमा
जिन्दगी बिताउने
तिम्रो साथैमा । २१८

मौरी भिरैमा
रातो फूल सुहायो
तिम्रो शिरैमा । २१९

खानी तामाको
सेवा गर्नु सदैव
आफ्नै आमाको । २२०

बिँडी सुर्तीको
चाहिनेभन्दा पनि
बढी फुर्ती भो । २२१

हाँगा भाँचियो
खाली हात जानुछ
व्यर्थै साँचियो । २२२

हिउँ चुलियो
सत्ताको स्वाद रैछ
सारै गुलियो । २२३

चरी उडेको
सत्तामा बस्नलाई
कति जुरेको । २२४

दाल झानियो
आफ्नै घर बिगारी
खुसी मानियो । २२५

टोपी ढाकाको
सिकार गरिएछ
आफ्नै काकाको । २२६

बारी खोरियो
जुँघा जुँघा जुधाई
पार्टी फोरियो । २२७

बेँसी झरियो
अंशबन्डा गरेर
राम्रै गरियो । २२८

सीमा मिचेर
सबैलाई बाँड्दिने
फोटो खिचेर । २२९

मकै बारीमा
कालो मोसो दल्ने रे
बोके दारीमा । २३०

सल्ले भिरैमा
शिरपोस लत्रियो
डल्ले शिरैमा । २३१

बारी जोतियो
पापीको मुहारमा
कालो पोतियो । २३२

तोरी छरौँला
नमिलेको कुरामा
वार्ता गरौँला । २३३

झाडी फाँडियो
व्यवहार देखेर
मनै टाढियो । २३४

खेत खाली भो
सङ्गत बिग्रिएर
सारै जाली भो । २३५

पानी पसेछ
अर्कोलाई बिगार्ने
बानी बसेछ । २३६

माटो थिग्रियो
सहरमा बसेर
बानी बिग्रियो । २३७

बाटो फेरियो
कुर्सीमा बस्दै गर्दा
आफ्ना हेरियो । २३८

ठाँटी चौतारी
जता पनि मिल्दिने
मान्छे औतारी । २३९

आली तासियो
अरूलाई बिगार्दा
आफैँ भासियो । २४०

पानी घट्टको
राज्यको सञ्चालन
ख्याल ठट्टा भो । २४१

बाटो भिरैमा
बोझमाथि बोझ भो
हाम्रो शिरैमा । २४२

साँध मिचियो
आफू सानो हुनाले
काँध थिचियो । २४३

चन्द्रा गिरिमा
आफ्नै घर सम्झेर
बसौँ पिँढीमा । २४४

हलो अड्कायौ
आफ्नालाई पछारी
सत्ता पड्कायौ । २४५

चिनी गुलियो
मोहनी बोली सुन्दा
यतै भुलियो । २४६

बोट बिउमा
मायाले खुवाएको
लाग्यो जिउमा । २४७

बारी ओसिलो
पाकेको सुन्तला यो
औधि रसिलो । २४८

घैया गोडेर
नजाऊ न मायालु
एक्लै छोडेर । २४९

आगो दन्कियो
सडेको अङ्गुरमा
झिँगा भन्कियो । २५०

माटो मलिलो
बारीको साग खाँदा
गाला भरिलो । २५१

गैरी खेतैमा
दुई छोरा जन्मिए
पैलो बेतैमा । २५२

शान्ति नगर
दुई जिब्रे मान्छेको
भर नपर । २५३

चैते हुरीले
काखैमा सुताएर
हान्यौ छुरीले । २५४

तेल तोरीको
बलात्कार गरेछौ
आफ्नै छोरीको । २५५

मौरी भिरैमा
अत्याचार गर्नाले
पऱ्यौ पिरैमा । २५६

खोला फर्कियो
आफ्नो पेट भरेर
अन्तै तर्कियो । २५७

बारी खोरियो
जुँगाको लडाइँले
घरै फोरियो । २५८

नदी मोडियो
छिमेकी राम्रो लाग्दा
घरै छोडियो । २५९

रातो बयर
के गति हुने होला
अन्तै गएर । २६०

गाडी खोलामा
गाडीमा बसे जति
मान्छे भोलामा । २६१

काली गण्डकी
इमान र जमान
राख्यौ बन्धकी । २६२

खोला तरियो
आफ्नो घर बिगार्न
सक्दो गरियो । २६३

पैरो भरेछ
चौबाटो कुर्दै थियो
चिट्ठा परेछ । २६४

नदी उर्लियो
अरूको त सुन्दैन
आफैँ कुर्लियो २६५

बाटो मासियो
कुजातिहरूसँग
माया गाँसियो । २६६

ढुङ्गा चुच्चो छ
आफ्नो मान्छे के भन्नु
सारै छुच्चो छ । २६७

नदी तीरमा
उफ्रीउफ्री हिँड्दै थ्यो
खस्यो भिरमा । २६८

खेल्ने मैदान
सिधासादा जनता
भए हैरा'न । २६९

धर्ती भासियो
जे गरे नि हुनेभो
धर्म मासियो । २७०

हाँगा भाँचियो
तिहारको द्यौसीमा
खुबै नाँचियो । २७१

लाली गुराँस
अरूलाई हेपेर
त्यसै नहाँस । २७२

पाटे घिरौँला
काम पूरा हुनद्यौ
पछि हेरौँला । २७३

माछा पानीमा
हेपेर नबोल है
कान्छी सानीमा । २७४

चरी भुरुरु
घराँ दुःख देखेर
आँसु धुरुरु । २७५

पानी तुरुरु
नेताको आदेशमा
हिँडे गुरुरु । २७६

उखु पेलेर
समय बिताउँछौं
तास खेलेर । २७७

फूल स्युरियो
सानो गल्ती गर्नाले
शिर न्युरियो । २७८

बादल फाटेको
गएको वर्षमा त
पुग्यो आँटेको । २७९

मुढा चिरेर
कतातिर लम्कियौ
छाता भिरेर । २८०

बारी भित्तैमा
जे पनि बटुल्दै छौं
पाए सित्तैमा । २८१

डिल्ली बजार
ठगी खाने मान्छेको
जुक्ति हजार । २८२

दोहा कतार
सिकारीहरूको त
माया अपार । २८३

सुन गजुर
कहाँ भेटूँ भाको छ
मन हजुर । २८४

धर्ती अपार
घर छोडी जाँदै छौं
माया नमार । २८५

बास परै भो
चाडपर्व आउँदा
याद घरैको । २८६

बस्छ गुँडैमा
चरी मर्न सक्दैन
एक्लो हुँदैमा । २८७

तातो पानीमा
के गर्न सकियो र
जिन्दगानीमा । २८८

तोरी छरेर
के सुख मिल्छ र हो
बिहे गरेर । २८९

बेनी बजार
जन्मघर सम्भेर
आँसु नभार । २९०

रानी पोखरी
नेता बनी हिँड्दै थ्यो
गयो नोकरी । २९१

राप्ती बगर
निदाउने बेलामा
हल्ला नगर । २९२

गाई चरन
एकदिन सबैको
हुन्छ मरण । २९३

दुम्सी झाडीमा
नोकरी नपाएर
गयो खाडीमा । २९४

फोका पानीको
उत्ताउलो हुनाले
नाकै जानेभो । २९५

ठुलो पर्खाल
लट्ठीले नहानेर
आफैँ झर्ला र । २९६

कोशी नहर
कुर्सीमा बस्नलाई
पुग्यो रहर । २९७

गाग्री भरियो
कुर्सीमा बस्नलाई
केके गरियो । २९८

पाल्पा सहर
सत्तामा पुग्नलाई
कस्तो रहर ।  २९९

नदी टापुमा
सत्ताको बागडोर
छैन आफूमा । ३००

चिया बारीको
देश हाँक्ने रिमोट
सीमापारि गो । ३०१

बारी किनियो
धेरैपछि आएर
मान्छे चिनियो । ३०२

बैँसी झरेर
के भलो पो भयो र
सेखी गरेर । ३०३

माटो सारो भो
साँढेयुद्ध चर्किँदा
बाँच्नै गारो भो । ३०४

आलु खेतैमा
कसरी काम गर्ने
खाली पेटैमा । ३०५

पानी पर्धैंरो
आश्वासन छरेर
पार्‍यौ अधैंरो । ३०६

आगो बालेर
आँप कहाँ फल्छ त
रुखै ढालेर । ३०७

पानी थुनेर
आफ्नै घर बिग्रिन्छ
कुरा सुनेर । ३०८

ढुङ्गा छानेर
केही गर्न नसक्ने
आफैँ जानेर । ३०९

आरु बोटैमा
विषैविष पेटमा
खुदो ओठैमा । ३१०

माछी खोलैमा
चोक्टा खान गएथ्यौ
डुब्यौ भ्फोलैमा । ३११

महासागर
उन्नति गर्नलाई
छैन जाँगर । ३१२

पानी पँधेरो
कालो चस्मा लाएर
देख्यौ अँधेरो । ३१३

खोला थुनेर
सोभ्फालाई फसायौ
जाल बुनेर । ३१४

मकै गोडेर
बाबुआमा रुवायौ
देश छोडेर । ३१५

ताल गहिरो
सत्तामा पुगेपछि
भयो बहिरो । ३१६

चुलो बल्दैन
हावामा खेती गर्दा
केही फल्दैन । ३१७

घामै तापेर
के गरी बाँच्नु सधैँ
हातै थापेर । ३१८

हातै धोएर
जवानी जानेभयो
सधैँ रोएर । ३१९

ऐना चर्कियो
आउँछिन् कि भनेर
धेरै पर्खियो । ३२०

टोपी शिरैमा
उत्ताउलो भाको थ्यो
लड्यो भिरैमा । ३२१

चुरा हातैमा
बाबाले दिनुभयो
बस्न साथैमा । ३२२

पिरा काठैको
नबुझी फाल हाल्ने
दोषी आफैँ हो । ३२३

केरा पाकेको
धेरै काम गर्नाले
जिउ थाकेको । ३२४

पानपातैमा
जिन्दगी बिताउने
केको आशैमा । ३२५

*बर्को डालीमा*
*तिमीलाई भेटौँला*
*अर्को पालीमा । ३२६*

*डाँडो काटेर*
*बोलेको नपुऱ्याई*
*गयौ ढाँटेर । ३२७*

*टीका टाँसेर*
*छोडी जाने चोला हो*
*बाँचौँ हाँसेर । ३२८*

*तिते करेली*
*केका लागि झिम्क्यायौ*
*झम्के परेली । ३२९*

*आयौ साँझैमा*
*ठाउँको कमी नै छ*
*बस माझैमा । ३३०*

*पानी धमिलो*
*कलिलो दही पनि*
*भयो अमिलो । ३३१*

*चिठी पढेर*
*नजिस्क्याऊ यसरी*
*बुई चढेर । ३३२*

*पिना तोरीको*
*व्यवहार उस्तै छ*
*आमाछोरीको । ३३३*

*घाम चर्कियो*
*हेर्दाहेर्दै नानीको*
*बैंस लर्कियो । ३३४*

*ठेकी दहीको*
*तिमीले नै भनेको*
*कुरा सही हो । ३३५*

पानी सारेर
बाबाको घरलाई
जान्नँ छाडेर । ३३६

मकै भुटेको
सानीको कुराले त
रिसै उठेको । ३३७

कर्म छोरीको
अर्काको घरमा नै
बस्नु परिगो । ३३८

पिठो चालेर
नगर्नु कुनै काम
सान फालेर । ३३९

चाना मुलाको
बाँधेर राख मन
किन डुलाको । ३४०

*काट्यो चुराले*
*दिल मेरो दुखायो*
*तिम्रो कुराले । ३४१*

*कौसी बारीमा*
*के विधि सुहाएको*
*रातो सारीमा । ३४२*

*दारी पालेर*
*फेसन हो भनेर*
*लायौ टालेर । ३४३*

*पानी भरियो*
*चुरो कुरा नबुझी*
*तेसै गरियो । ३४४*

*राति भएछ*
*आजभोलि भन्दैमा*
*आयु गएछ । ३४५*

आलु तारेर
नजाऊ न सान्नानी
माया मारेर । ३४६

रातो रिबन
पानीको फोका झैँ छ
हाम्रो जीवन । ३४७

रातो गुलाफ
के विधि राम्रो लाग्यो
छैन जवाफ । ३४८

आँसु नझार
जिन्दगी रह्यो भने
बाटो हजार । ३४९

साल पातैले
दिएमा खाने थिएँ
तिम्रो हातैले । ३५०

जाली रुमाल
यस्तै भयो भने त
हुन्छ कमाल । ३५१

सुन थालीमा
तिमीलाई भेटौँला
अर्को पालिमा । ३५२

फूल बोटैमा
के भएको तिम्रो त्यो
लाली ओठैमा । ३५३

पानी परेछ
तिमीलाई भेट्ने त
बानी परेछ । ३५४

भारी बिसायौ
ठट्टा मात्र गरेको
किन रिसायौ । ३५५

बुट्टे चोलीमा
मोहनी पो रहेछ
तिम्रो बोलीमा । ३५६

सुन चुराले
घर हाम्रो बिग्रियो
तिम्रो कुराले । ३५७

हिउँ बर्सियो
हाम्रो फुर्ती देखेर
शत्रु तर्सियो । ३५८

टीका टल्कियो
नक्कली कान्छीसँग
अर्कै पल्कियो । ३५९

लोटी तामाको
बिर्सिन सकिँदैन
माया आमाको । ३६०

आँखा रसिलो
घरकै खाना हुन्छ
सारै पोसिलो । ३६१

रानी जुरेली
कता गयो कुष्णजी
तिम्रो मुरली । ३६२

माथि सिरानी
राम्ररी निदाइनौ
भयौ बिरामी । ३६३

सिन्की अचार
फुर्ती धेरै गर्दै छौ
के छ विचार । ३६४

आयौ साँझैमा
खाटबाट लडौली
सुत माझैमा । ३६५

लौका तारेर
तिमीलाई भेटौँला
मौका पारेर । ३६६

पानी बर्सियो
बिजुली चम्किँदा त
ज्यानै तर्सियो । ३६७

ठेकी काठैको
असफल हुनुमा
दोषी आफैँ हो । ३६८

डोरी पाटैको
दुःखले कमाएको
खाने आफैँ हो । ३६९

तोरी छरियो
ताकत भएसम्म
दुःखै गरियो । ३७०

महं काडेर
सबै जना मिलेर
खाऔँ बाँडेर । ३७१

चिनी गुलियो
नबुझी हिँडेकाले
बाटो भुलियो । ३७२

चौँरी करायो
चरेर फर्किँदा त
बाछी हरायो । ३७३

लाली गुराँस
डाँडाभरि फुलेर
चल्यो सुवास । ३७४

पानी पँधेरो
दिन ढलिसकेछ
भयो अँधेरो । ३७५

*खल्ती खाली भो*
*व्यवहार नमिल्दा*
*मान्छे जाली भो । ३७६*

*हिउँ चुलियो*
*मायालुको बोलीले*
*मनै भुलियो । ३७७*

*डोरी टाँगेर*
*आएको भेट्न भनी*
*खोली नाघेर । ३७८*

*पानी पऱ्यो रे*
*सधैँ एक्लै बस्दा त*
*बानी पऱ्यो रे । ३७९*

*फोटो खिचेर*
*नरोऊ न मायालु*
*आँखा मिचेर । ३८०*

चिसो पानीको
सबेरै उठ्ने गर्नु
राम्रो बानी हो । ३८१

बत्ती बालेर
ठुलो गल्ती गरेछौँ
भोट हालेर । ३८२

बाँसघारीमा
तोरी फुल्न छोडेछ
घर बारीमा । ३८३

चिया छानेर
मनको कुरा पोखेँ
आफ्नै ठानेर । ३८४

आरु पाकेछ
तान्दातान्दा आएन
आफैँ थाकेछ । ३८५

बेत झाँगियो
निकै जान्ने हुँदैथ्यो
आफैँ नाङ्गियो । ३८६

लौरो गाडियो
तीतो कुरा सुनेर
मनै भाँडियो । ३८७

ताल्चा ढोकामा
सधैंभरि बोक्दै छौ
के छ पोकामा । ३८८

केश पाकेको
टाकुरामा पुग्दा नि
छैन थाकेको । ३८९

सुक्ला बिस्कुन
ऋण लिई खाँदै छौ
कति पुग्छ र । ३९०

बाँस झुकने
किर्नाले झैँ चुस्दै छन्
देशै सुकने । ३९१

डोको बुनेर
घरबार बिग्रियो
कुरा सुनेर । ३९२

मौरी भिरैमा
मह झिक्न नसक्दा
पऱ्यो पिरैमा । ३९३

छानु छाएको
पोख्ने ठाउँ नहुँदा
पीडा गाएको । ३९४

चौँरी गोठैमा
दाग लाग्न नदिनु
कालो कोटैमा । ३९५

काली गण्डकी
सबै नेता मिलेर
राख्यौ बन्धकी । ३९६

पानी दर्कियो
हेर्दाहेर्दै के भयो
घाम चर्कियो । ३९७

जात सोध्छौ र
हलेसी महादेव
मन बस्छौ र । ३९८

सुन गजुर
छोडी कतै नजानु
मेरो हजुर । ३९९

भाले करायो
गल्ती आफ्नो भाकोले
पोथी डरायो । ४००

पानी भेटियो
तुरुन्तै पिउनाले
तिर्खा मेटियो । ४०१

तेज सकियो
खानपान नमिल्दा
हाड मक्कियो । ४०२

बोक्रा खुर्केर
जाडो गर्मी सहँदै
आयो हुर्केर । ४०३

मूल फुटेछ
भागबन्डा मिलेर
राय जुटेछ । ४०४

गाउँ सहर
चरी जस्तै उड्न पो
लाग्यो रहर । ४०५

खानी खोलामा
केको दाग लागेछ
तिम्रो चोलामा । ४०६

लौरो गाडियो
सारै दिक्क लागेर
देशै छाडियो । ४०७

पानी सरर
जन्म घर सम्भिँदा
आँसु बरर । ४०८

धान कुटौँला
राम्रो पद नपाए
पार्टी फुटौँला । ४०९

गर्‍यौं रोपाइँ
धान त्यसै सुक्छ कि
पानी नपाई । ४१०

घर भासियो
फिरन्तेहरूसँग
माया गाँसियो । ४११

चरी हाँगामा
उफ्रीउफ्री हिँड्दै थे
खसे छाँगामा । ४१२

आली डिलैमा
नजानी हिँड्दै गर्दा
लडे हिलैमा । ४१३

फेवा तालैमा
परे विनाकसुर
माछा जालैमा । ४१४

पानी धमिलो
तिम्रो कुरा सारै नै
लाग्यो अमिलो । ४१५

लाली गुराँस
गरिबको अवस्था
हेरी नहाँस । ४१६

पल्लो गाउँमा
लाखबत्ती बालेको
तिम्रो नाउँमा । ४१७

चरी डालीमा
भुटेको भटमास
सुन थालीमा । ४१८

सिसा टल्कियो
आफ्नो घर बिगारी
अन्तै सल्कियो । ४१९

गैरी गाउँमा
नामसारी भएछ
अर्कै नाउँमा । ४२०

रुख रोपियो
निज कर्म गर्नाले
मुख छोपियो । ४२१

नक्सा कोरियो
भोग्ने शक्ति नपुग्दा
त्यसै छोडियो । ४२२

काँडा फाँडियो
खेती गर्न नसक्दा
बाँझै छाडियो । ४२३

साँध मिचेछौ
हामीलाई नसोधी
फोटो खिचेछौ । ४२४

अग्लो टावर
माथिमाथि उक्लिन
छैन पावर । ४२५

खोला सुसायो
अर्कासँग हिँड्नाले
बुढो रिसायो । ४२६

बेली चमेली
राम्रो ठाउँ मिल्नाले
बन्यो हवेली । ४२७

गाग्री रित्तियो
चुरीफुरी गर्दै थ्यो
सबै सिद्धियो । ४२८

सैलुङ् डाँडामा
चौँरीको दुधदही
हालौँ भाँडामा । ४२९

पानी पँधेरो
तिमीलाई नदेख्दा
धर्ती अँधेरो । ४३०

कुलो फर्काको
नबोलाई नजानु
घर अर्काको । ४३१

कालो बादल
नाचूँनाचूँ लाग्छ हो
बज्दा मादल । ४३२

सिक्का गनेर
घर छोडी हिँडेछन्
दिक्क मानेर । ४३३

हलो अड्कियो
जातीय विवादले
दङ्गा भड्कियो । ४३४

भालु झाडीमा
छैन काम देशमा
गएँ खाडीमा । ४३५

*डाँफे मजुर*
*एक्लै छोडी नजाऊ*
*मेरो हजुर । ४३६*

*फूलढाकी हो*
*तिम्रा लागि हितको*
*कुरा पक्का भो । ४३७*

*हाँगा भाँचियो*
*नेताजीको बिहेमा*
*खुबै नाँचियो । ४३८*

*कालो अङ्गुर*
*गुनासैगुनासाको*
*भयो डङ्गुर । ४३९*

*बारी भिरालो*
*चोरी खान पल्केको*
*ढाडे बिरालो । ४४०*

मूर्ति ढुङ्गाको
लाभ हानि थाछैन
युद्ध जुङ्गाको । ४४१

तारे भिरैमा
हातपाउ पन्छिन्छन्
बोझ शिरैमा । ४४२

चक्रघट्टीमा
लुकीछिपी कमाए
पसे भट्टीमा । ४४३

सिमिकोटमा
आशैआशा बसेछ
दुवै ओठमा । ४४४

घन्टाघरैमा
त्रिचन्द्रका गुरुको
परेँ भरैमा । ४४५